NSET

Earthquake Safe Communities in Nepal

# रणनीतिक योजना

## २०२१-२०३०



असोज २०७८

भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपाल (NSET)

# विषय सूची


| | |
|---|---|
| १. परिचय | २ |
| २. दूरदृष्टि | ६ |
| ३. निर्दिष्ट लक्ष्य | ९ |
| ४. मूलभूत विचारधारा तथा मूल्य-मान्यताहरु | ११ |
| ५. रणनीतिक आशय | १९ |
| ६. रणनीतिक लक्ष्यहरु तथा प्राथमिकताहरु | २२ |
| ७. रणनीतिक उद्धेश्यहरु | २४ |
| ८. रणनीतिक प्रयत्नहरु | २६ |

# परिचय
## (Introduction)

यो रणनीतिक योजनाले आगामी १० वर्षका लागि एनसेट संस्थाको “उपस्थिति” र यसका क्रियाकलापहरूलाई निश्चित स्वरूप दिने र मार्गनिर्देश गर्ने कार्यका लागि संस्थाको औचित्य, लक्ष्य, उद्धेश्य, प्राथमिकता, रणनीतिक दिशा तथा प्रयत्नहरू के कस्ता रहने छन् भन्ने प्रष्टाउँछ। यो रणनीतिक योजना तयार पार्दा बिभिन्न क्षेत्रका विज्ञ एवं सरोकारवालाहरूबाट संकलित राय, सुझाव र पृष्ठपोषणका साथै बिबिध विश्लेषणात्मक दस्तावेज, प्रतिवेदन, पृष्ठपोषण तथा रणनीतिक परीक्षणलाई समेत आधार मानिएको छ।

भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपाल (NSET) को स्थापना भूकम्प लगायत विपद जोखिम व्यवस्थापनका बिभिन्न प्राविधिक तथा सामाजिक क्षेत्रमा क्रियाशील व्यक्तिहरूको सक्रियतामा "सन् २०२० सम्म भूकम्पबाट सुरक्षित नेपाली समुदाय" निर्माण गर्न सघाउने दूरदृष्टिका साथ सन १९९३ जुन १८ (वि.सं.२०५०) मा भएको हो । भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपाल (NSET) अर्थात "एनसेट" एक गैर सरकारी संस्थाको रूपमा जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा सन १९९४ अप्रिल २८ मा दर्ता भएको हो। साथै यो संस्था समाज कल्याण परिषदमा सन १९९८ अगस्ट १० मा आवद्ध भएको छ । यो संस्था स्थापनाका मुख्य उद्धेश्यहरूमा विज्ञान र भूकम्प इञ्जिनियरिङ तथा प्रविधिको अभ्यासलाई विकसित गर्दै भूकम्पीय जोखिम घटाउने र भूकम्पीय सुरक्षा अभिवृद्धि गर्ने; पेशागत, इञ्जिनियरिङ तथा वैज्ञानिक मर्यादा कायम गर्न सघाउने र भूकम्प इञ्जिनियरिङको अन्तर्राष्ट्रिय संस्था (IAEE) का गतिविधिलाई नेपालका लागि सान्दर्भिक हुने गरी अवलम्बन गर्ने रहेका छन्।

आम जनताको जीवन रक्षाका लागि भूकम्पीय जोखिम व्यवस्थापनसँग सम्बन्धित बिभिन्न पक्षहरूमा गरिने प्रविधिको प्रयोगमा उल्लेख्य परिमार्जन गरी समुदायलाई भूकम्पबाट सुरक्षित बनाउने सोंच नै यो संस्थाको स्थापना कालदेखिकै निर्देशक सिद्धान्तको रूपमा रहिआएको छ ।

एनसेट विगत लामो समयदेखि भूकम्पीय जोखिम व्यवस्थापनको क्षेत्रमा एउटा महत्त्वपूर्ण योगदानकर्ताको रूपमा कार्यरत रहेको छ । जोखिम न्यूनीकरणका लागि यो संस्थाले विकास गरेका एवम् परिमार्जन गरेका विधि र पद्धतिहरू नेपाल बाहिर समेत अपनाइएका छन्। विगत तीन दशकको कार्यानुभव, ज्ञान तथा विपद् जोखिम न्यूनीकरण र पूर्वतयारीका क्षेत्रका सिकाइलाई संश्लेषण गर्ने कामदेखि लिएर विपद् सम्बन्धित विषयगत नीति तथा रणनीति तयार पार्ने र बिभिन्न सरोकारवालाहरूसँगको लामो समयको साझेदारी पश्चात एनसेटले विपद जोखिम न्यूनीकरणका विश्वव्यापी मान्यताहरूलाई समेत आत्मसात गरेर संस्थाको कार्यक्षेत्र र क्रियाकलापहरू विस्तार गरी “बहु-प्रकोपीय जोखिम व्यवस्थापन”, “जलवायु अनुकूलन तथा जोखिम व्यवस्थापन” तथा “विपद र जलवायु सम्वद्ध जोखिम व्यवस्थापनलाई आर्थिक

विकासका प्रयत्नहरूमा समायोजन” का विषयहरूलाई समेट्नुपर्ने आवश्यकता बोध गरी सो बमोजिम निर्णय गरेको छ ।

भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपाल (NSET) द्वारा प्रस्तुत यो १० वर्षे रणनीतिक योजना (२०२१-२०३०) ले संस्थाको रणनीतिक गन्तव्य प्रष्ट रूपमा पहिल्याउन सक्ने र लक्षित परिणामहरूको प्राप्ति मार्फत उक्त गन्तव्य हासिल गर्न सक्ने कुरालाई सुनिश्चित गर्दछ । यो १० वर्षे रणनीतिक योजनामा एनसेटको संस्थागत क्रियाशीलता तथा त्यसमार्फत समाजमा पर्ने प्रभावको विस्तारका लागि प्रष्ट आकांक्षा र प्रतिबद्धता प्रतिविम्वित रहेका छन् ।

# दूरदृष्टि

## (VISION – the reason we exist)



**"सन् २०५० सम्ममा विपदबाट उत्थानशील नेपाली समुदाय"**

भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपाल (NSET) को दूरदृष्टि निम्न बमोजिम तय गरिएको छः

**“सन् २०५० सम्ममा विपदबाट उत्थानशील नेपाली समुदाय”**

**“Disaster Resilient Communities in Nepal by 2050”**

प्रकोप-उन्मुख नेपाली सहरी एवं विकासमा पछि परेका क्षेत्रमा भूकम्पीय सुरक्षालाई सुनिश्चित गर्ने एउटा वृहत् तर प्रष्ट उद्धेश्यका साथ एनसेटको स्थापना भएको थियो र यसले संस्थागत रूपमा भूकम्पीय जोखिम व्यवस्थापनका लागि क्षेत्रीय एवं विश्वव्यापी स्तरमा योगदान दिने सोंच राखेको थियो।

एनसेट स्थापनाको परिकल्पना किन गरियो र कसरी गरियो भन्ने कुराको पृष्ठभूमि ऐतिहासिक महत्त्वको रहेको छ। २०४५ सालको उदयपुर भूकम्प पश्चात एनसेटका संस्थापकहरूबीच भूकम्पीय जोखिम न्यूनीकरणका क्षेत्रमा क्रियाशील रहने गरी नेपालमा एक विशिष्टीकृत केन्द्र स्थापना गर्ने सोंच बनेको थियो। त्यस समूहमा नेपालमा पहिलो पटक राष्ट्रिय भवन संहिता तयार पार्ने काममा संलग्न रहेका पेशाकर्मीका साथै भूकम्पको क्षति लेखाजोखा, पुनर्वास र पुनर्निर्माण लगायतका कार्यमा संलग्न व्यक्तिहरू रहेका थिए। २०४५ सालको भूकम्प

वास्तवमा नेपालका लागि "आँखा खोल्ने घटना" को रूपमा रह्यो, जसका कारण भूकम्पीय जोखिम न्यूनीकरणका लागि भवन संहिताको अवलम्बन लगायतका व्यवस्थित प्रयत्नहरूको आवश्यकता महसूस भयो ।

नेपालमा बिभिन्न प्रकोपहरूबाट बर्षेनी उल्लेख्य रूपमा जनधनको क्षति हुने गरेको छ। एनसेटसँग विगत २८ वर्षमा भूकम्पीय जोखिम व्यवस्थापनका क्षेत्रमा काम गरेको समृद्ध अनुभव रहेको छ; र हामीलाई विश्वास छ कि एनसेटको अनुभव, ज्ञान र सिकाइहरूलाई भूकम्पका अतिरिक्त अन्य विपद्हरूमा प्रभावकारी ढङ्गले उपयोग गर्न सकिन्छ। यसका साथै विपद्बाट सुरक्षित एवं उत्थानशील समुदाय निर्माण गर्ने सन्दर्भमा हाम्रा राष्ट्रिय र अन्तर्राष्ट्रिय रणनीति तथा कार्य-संरचनाहरूले बहु-प्रकोपीय जोखिम व्यवस्थापनका पक्षहरूलाई समेट्नुपर्ने विषय समाहित रहेका छन् ।

# निर्दिष्ट लक्ष्य

## (MISSION – our Purpose)

"विपद जोखिम न्यूनीकरण एवं व्यवस्थापनका लागि उपयुक्त प्रविधि तथा समावेशी र सहकार्यमा आधारित विधिहरूको विकास र कार्यान्वयन मार्फत समुदायहरूको विपद उत्थानशीलता प्रवर्द्धनमा योगदान गर्ने ।"

हामी सार्वजनिक तथा निजी क्षेत्रका बिभिन्न निकाय र संघ-संस्थाहरूसँगको सहकार्यमा हुने प्रयत्नहरू मार्फत यस संस्थाको निर्दिष्ट लक्ष्य प्राप्त गर्न चाहन्छौं। हामी समुदाय र सरकारी निकायहरूलाई विपद जोखिम न्यूनीकरण र व्यवस्थापनका लागि प्रभावकारी र व्यवस्थित विधिहरू अवलम्बन तथा कार्यान्वयन गर्न आबश्यक सेवा प्रवाह र सहजीकरण गर्न चाहन्छौं, जसका कारण मानिसको जीउ, धन, क्षमता र समग्र जीवनचर्यामा हुन सक्ने क्षति सम्भव भएसम्म कम हुन सकोस् ।

हामी विपद् जोखिम व्यवस्थापनका स्थापित वैज्ञानिक र प्रमाणित विधि तथा प्रणालीहरूलाई मुलुकको राष्ट्रिय जोखिम व्यवस्थापन प्रणालीमा समाहित गरी संस्थागत गर्न चाहन्छौं ।

यसका लागि हामी सबल, साधन स्रोत सम्पन्न, विश्वसनीय र दिगो रूपमा सञ्चालन हुने संस्था र प्रणाली स्थापनाका लागि प्रयासरत रहनेछौं जसले राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा विपद् जोखिम व्यवस्थापनका विधि र तौर तरिकाका बारेमा एउटा प्रभावकारी स्रोत केन्द्र, व्यवस्थापक र सहजकर्ताको रूपमा काम गर्नेछ ।

# मूलभूत विचारधारा तथा मूल्य-मान्यताहरू

## Core Ideologies and Values (Our Enduring Character and Genetic Codes)

१. समुदाय: हाम्रो अस्तित्वको कारण

२. परम्परागत ज्ञान, विधि, प्रविधि, प्रणाली र अभ्यासहरूको पहिचान र तिनीहरूप्रतिको सम्मान

३. जवाफदेही, जिम्मेवार, दिगो र अनुशासित क्रियाकलापहरू

४. परिणाम र प्रभावमा आधारित परिचालन, अन्वेषण र सिकाइ प्रक्रिया

५. न्यायसंगत, समावेशी र सहकार्यको भावनामा आधारित कार्यशैली

६. गैर राजनैतिक अस्तित्व

७. राज्यका कानुनप्रति सम्मान

८. सामुहिक रूपमा सिकाइ, विकास र दक्षता

दीर्घकालीन रूपमा समुदायमा अपेक्षित प्रभावहरूलाई संस्थागत गरेर हासिल हुने सफलताका लागि एनसेटका मूलभूत विचारधारा र मूल्य मान्यता जे रहेका छन्, ती अविचलित छन् र तिनमा एनसेट प्रष्ट छ, अपितु बदलिंदो विश्व परिवेशलाई आत्मसात गर्दै हाम्रा रणनीति र अभ्यास परिमार्जन हुने गर्दछन्। यस अर्थमा हामी हाम्रा प्रयत्नहरू सञ्चालन गर्दा यस संस्थाको हकमा कुन कुन पक्ष अपरिवर्तनीय छन् र कुन कुन परिवर्तनीय छन् भन्ने भेद पाउन समर्थ हुनैपर्छ र छौं पनि । हामी हाम्रा सरोकारवालाहरूलाई हाम्रा कुन कुन मूल्य मान्यता अविच्छिन्न रहन्छन र यस संस्थाको भावी दिशा कसरी तय हुन सक्छ भन्ने बुझाउन प्रष्ट रहनेछौं, छौं ।

हामी एनसेटको मूलभूत विचारधारा ‘एनसेटको दरिलो चरित्र‘ बनोस भनी परिभाषित गर्न चाहन्छौं, जुन हाम्रा हरेक कार्यक्रम, परियोजना र क्रियाकलापका जीवन चक्र, प्रविधिगत सफलता, व्यवस्थापन शैली र हरेक कामलाई नेतृत्व गर्ने व्यक्तिमा समेत प्रतिबिम्बित होस्। हामीलाई थाहा छ ‘तिमी को हौ’ भन्ने प्रश्न ‘तिमी कहाँ जाँदैछौ’ भन्ने प्रश्नभन्दा अहम हुन्छ, किनकि ‘तिमी कहाँ जाँदैछौ’ भन्ने कुरा ‘तिम्रो’ वरिपरिको संसार बदलिएसँगै

बदलिन्छ । हाम्रो मूलभूत विचारधारा हाम्रा कामहरूको सार हुनुपर्छ र त्यो हाम्रा रणनीति, कार्यक्रम, सञ्चालन विधि, संस्थागत व्यवहार र सरोकारवालासँगको अन्तरसंवाद लगायत सबैमा झल्कनु पर्दछ ।

हाम्रो विचारधाराले हाम्रो अस्तित्त्वका साथै हाम्रा मूल्य मान्यता, व्यवहार, निर्णय र कार्यहरू सबैको आधार तय गर्दछ।हाम्रा मूल्य मान्यताहरूका केही लाभ हुन सक्छन तर त्यसका लागि ती बनेका होइनन् । हामीसँग ती मूल्य मान्यता यसकारण छन कि तिनले हामी केका लागि क्रियाशील छौं भन्ने निर्क्योल गर्न सघाउँछन्, र हामी तिनलाई जस्तोसूकै परिस्थितमा पनि सदा आत्मसात गर्दछौं चाहे कतिपय अवस्थामा ती हाम्रा लागि हानीकारक समेत किन नहोउन् !

हाम्रा मूलभूत विचारधारा र मूल्य मान्यता जसले सर्वकालिक निर्देशक सिद्धान्तहरूको प्रणाली स्थापित गरेका छन, ती यसप्रकार रहेका छन:

## १. समुदायः हाम्रो अस्तित्वको कारण Community; our Raison dÚêtre (Reason of existence)

हाम्रा समुदायहरू, तिनका संरचनाहरू र त्यसमा रहेका जनता नै हाम्रा लागि "के" "कहाँ" "कहिले" "कसरी" गर्ने भन्नेमा "किन" का जवाफ हुन्। उनीहरूका लागि नै हामी अस्तित्त्वमा छौं । हाम्रा सम्पूर्ण चिन्तन र व्यवहारहरू पिरामिडको सबैभन्दा तल्लो तहमा रहेका समुदायका लागि केन्द्रित छन् ।

## २. परम्परागत ज्ञान, विधि, प्रविधि, प्रणाली र अभ्यासहरूको पहिचान र तिनीहरूप्रतिको सम्मान (Recognition and Respect for indigenous knowledge, approaches, technologies, systems and practices)

हामी स्थानीय र अपनाउन सम्भव हुने खालका परम्परागत ज्ञान, विधि, प्रविधि, प्रणाली र अभ्यासहरू जुन शताब्दियौंदेखि विकसित भएर आएका छन्, अहिलेको आधुनिक समयमा तिनको समयोचित वैज्ञानिक परीक्षण र प्रमाणीकरण गरेर उपयोग गर्ने नीतिमा विश्वास गर्दछौं ।

### ३. जवाफदेही, जिम्मेवार, दिगो र अनुशासित क्रियाकलापहरू (Accountable, Responsible, Sustainable and Disciplined Actions)

हाम्रा प्रयत्नहरू इमान्दार, अभिन्न, नैतिक आचरणयुक्त, पारदर्शी, अनुशासित र सामाजिक रूपमा जिम्मेवार रहन्छन् । हामी हाम्रा क्रियाकलापका लागि जिम्मेवार छौं, जस अन्तर्गत आर्थिक र वित्तीय अनुशासन सुनिश्चित गरिएको हुनेछ ।

### ४. परिणाम र प्रभावमा आधारित परिचालन, अन्वेषण र सिकाइ प्रक्रिया (Outcome and Impact based mobilization, exploration and learning)

हामी 'थाहा भएका चीजहरूको उपयोग र परिचालन' तथा 'थाहा नभएका चीजहरुको अन्वेषण' गर्ने काममा अधिकतम सन्तुलन हुनुपर्नेमा विश्वास गर्दछौं । सिकाइका लागि सदा तयार रहनुपर्छ तर ती सिकाइहरू परिणाम र प्रभावका आधारमा पुष्टी भएको हुनुपर्छ भन्ने मान्यता राख्छौं ।

"साधन" र "परिणाम" दुवै हाम्रा लागि महत्त्वपूर्ण छन्। हामी "सही" काम "सही" समयमा "सही" उद्धेश्यका लागि "सही" तरिकाले सम्पन्न गर्नुपर्नेमा विश्वास गर्छौं। हाम्रा लागि प्रभावकारिता बिनाको कार्यदक्षता रस बिनाको फल सरह हो ।

## ५. न्यायसंगत, समावेशी र सहकार्यको भावनामा आधारित कार्यशैली (Equitable, Inclusive, Collaborative working culture and approach)

हामी हरेक प्रविधिको पहुँचमा विश्वास गर्छौं, चाहे त्यो उच्चतम स्तरको, आधुनिक र वैज्ञानिक प्रविधि नै किन नहोस, त्यो हरेक समुदायका सबै वर्ग र समूहका लागि न्यायपूर्ण र लोकतान्त्रिक पहुँचमा हुनुपर्दछ । एनसेटका क्रियाकलापहरूमा सरोकारवाला बिभिन्न पक्षहरूको समावेशीकरण र साझेदारीलाई संस्थाको निर्दिष्ट लक्ष्य प्राप्तिका लागि अनिवार्य कडीका रूपमा आत्मसात गरिएको छ ।

सहकार्य, सहभागितामूलक लोकतान्त्रिक सहअस्तित्व र निर्णय प्रक्रियामा हामी विश्वास गर्छौं ।

हामी जनता, तिनका विचार, सम्बन्ध, वैयक्तिक मतभिन्नता, बिबिधता, स्रोतहरूको सम्मान गर्दछौं ।

## ६. गैर राजनैतिक अस्तित्व (Apolitical Existence)

हाम्रो परिचय, तौरतरिका, विधि र कार्य सञ्चालन पूर्ण रूपले गैर राजनैतिक रहनेछन् ।

## ७. राज्यका कानुनप्रति सम्मान (Respect for the law of the land)

हामी कुनै पनि मुलुकमा कार्यक्रम सञ्चालन गर्दा त्यस राज्यका ऐन, कानुन, नियम र विनियमलाई सम्मान गर्दछौं र तिनको परिधिमा रहेर आफ्ना क्रियाकलाप अघि बढाउँछौं ।

## ८. सामुहिक रूपमा सिकाइ, विकास र दक्षता (Learn, Grow and Strive for Excellence as a team)

एनसेट परिवारको सदस्यको रूपमा हामीसँग एउटै दृष्टि हुनेछ, र हामी एनसेटको मिसन र मूल्य मान्यताप्रति दृढ संकल्पित रहनेछौं । हामी सँगसँगै सिक्नेछौं, सँगसँगै विकसित हुनेछौं र सँगसँगै दक्षता हासिल गर्नेछौं ।

# रणनीतिक आशय

## STRATEGIC INTENT (our 'Win' and Obsession)

१. विपद जोखिम व्यवस्थापनसँग सम्बद्ध ज्ञान तथा स्रोत साधनका लागि अध्ययन केन्द्रको रूपमा विकसित

२. विपद जोखिम व्यवस्थापनसँग सम्बन्धित ज्ञान, स्रोत साधन र प्रविधिका लागि सार्वजनिक, निजी र सामुदायिक क्षेत्रका सबै सरोकारवालाहरुको उत्कृष्ट छनोट

३. विपद जोखिम व्यवस्थापनको प्रसँग आउँदा एनसेटको नाम पहिलो नम्बर

हाम्रो रणनीतिक आशय भनेको हामी के बन्न चाहन्छौं र भविष्यमा के हासिल गर्न चाहन्छौं भन्ने नै हो जसका लागि हामीले विद्यमान स्रोत साधन र क्षमताको अवरोधलाई पर्वाह गर्दैनौं । यो भनेको हामीले तय गरेका लक्ष्यहरूको तस्बिर हो जुन पूर्ण रूपमा समावेशी र भावी समयको आँकलन गर्ने खालको हुन्छ । रणनीतिक आशयले हाम्रो संस्थाको हरेक तहमा कार्यरत रहँदा "विजय" के मा छ भन्ने वा हाम्रो "अभिलाषा" के हो भन्ने कुरा परिभाषित गरिदिन्छ, जुन अभीप्सा हामीले दशकौंसम्म बचाइराख्न चाहन्छौं ।

यौटा प्रभावकारी पेशागत समाज निर्माण गरी विपद **जोखिम व्यवस्थापनसँग सम्बद्ध ज्ञान तथा स्रोत साधनका लागि अध्ययन केन्द्रको रूपमा विकसित** हुनु नै एनसेटको रणनीतिक आशय रहेको छ, जसलाई मुलुकभित्रका हरेक निकाय र समुदायहरूले भरोसा गर्न सक्नेछन् र यसलाई उदाहरणको रूपमा समेत लिन सक्नेछन् ।

हामी **विपद जोखिम व्यवस्थापनसँग सम्बन्धित ज्ञान, स्रोत साधन र प्रविधिका लागि सार्वजनिक, निजी र सामुदायिक क्षेत्रका सबै सरोकारवालाहरूको उत्कृष्ट छनोट**को रूपमा सम्मानित र विश्वसनीय परिचय

स्थापित गर्न आफूलाई वर्तमान स्वरूपबाट प्रगतिशील ढङ्गले रुपान्तरण गर्दै जानेछौं ।

जहाँ पनि **विपद जोखिम व्यवस्थापनको प्रसङ्ग आउँदा एनसेटको नाम पहिलो नम्बर**मा स्मरण हुनुपर्नेछ ।

हाम्रा लागि यो रणनीतिक आशयले हाम्रो कार्यक्षेत्रमा हामी विजयी हुनुपर्ने मनोभावको मर्मलाई समेटेको छ । यसले हाम्रा लक्ष्यहरू तय गर्न र एनसेट परिवारको सदस्यको रूपमा हामीले गर्ने व्यक्तिगत प्रयत्न र प्रतिबद्धतालाई समेत मुखरित गर्ने काम गरेको छ । यसले हामीलाई अझ सृजनशील बन्न र सीमित स्रोत साधनबाट पनि अधिकतम परिणाम निकाल्ने गरी काम गर्न प्रेरित गरेको हामीलाई विश्वास छ । साथै यसले हामीसँग उपलब्ध सीमित स्रोत साधन र हाम्रा महत्त्वाकांक्षाहरू बीचको खाडल कम गर्ने चुनौती पनि थपेको छ ।

# रणनीतिक लक्ष्यहरू तथा प्राथमिकताहरू

## Strategic Goals and Priorities (2030)

एनसेटको रणनीतिक आशयलाई पछ्याउँदै यसको संस्थागत निर्दिष्ट लक्ष्य हासिल गर्ने र दूरदृष्टिले निर्दिष्ट गरे बमोजिमको सुरक्षित समुदाय निर्माणको परोकल्पनालाई साकार पार्ने अभिप्रायले सन् २०३० सम्मको अवधिका लागि प्राथमिकताकासाथ निम्न रणनीतिक लक्ष्यहरू तय गरिएका छन्:

**SG १ :**

नेपाल र यस क्षेत्रमा समुदायहरुको बहु-प्रकोपीय जोखिम र जलवायु परिवर्तनका जोखिमबाट हुने उत्थानशीलतामा अभिवृद्धि

**SG २ :**

नेपालमा सबल "विपद जोखिम सुशासन"

**SG ३ :**

विपद जोखिम व्यवस्थापनमा सार्वजनिक र निजी क्षेत्रको सहभागिता र लगानीको स्तरमा वृद्धि

**SG ४ :**

विपद जोखिम व्यवस्थापनका क्षेत्रमा हुने अध्ययन, अनुसन्धान र अन्वेषण कार्यमा अभिवृद्धि र विस्तार

**SG ५ :**

सबल, साधन स्रोत सम्पन्न, विश्वसनीय र गतिशील एनसेट

# रणनीतिक उद्धेश्यहरू

## (Strategic Objectives – 2030)

एनसेटका यी रणनीतिक उद्धेश्यहरू संस्थाले सन् २०३० सम्ममा हासिल गर्नुपर्ने उपलब्धिका उच्च प्राथमिकता प्राप्त क्षेत्रहरू हुन्। यिनले यौटा महत्त्वपूर्ण प्रश्न “हामीले हरेक वर्ष प्रगतिशील र फरक ढङ्गले के गर्नुपर्दछ जसले गर्दा हामी एनसेटले सन् २०३० मा हासिल गर्नुपर्ने भनेर तय गरिएका रणनीतिक लक्ष्यहरूको नजिक पुग्न सक्छौं?” भन्ने प्रश्नको जवाफको रूपमा काम गर्छन्।

सन् २०२१-२०३० को अवधिमा एनसेटले निम्नलिखित रणनीतिक उद्धेश्यहरूमा ध्यान दिनेछ जुन एनसेटका रणनीतिक प्राथमिकतासँग जोडिएका छन् ।

**SO१** बहु प्रकोपीय जोखिम तथा जलवायु जोखिम व्यवस्थापनसँग सम्बन्धित एकीकृत र समावेशी प्रयन्तहरू विकसित गर्ने र कार्यान्वयन गर्ने ।

**SO२**

विपद् तथा जलवायु जोखिम व्यवस्थापनसँग सम्बन्धित बुझाइ, विधि र प्रविधिलाई प्रमाणीकरण भएपश्चात ऐन, कानुन, नीति, नियममा समटिने गरी संस्थागत एवम् एकीकृत गर्ने, जसले गर्दा नेपालको विपद् जोखिम सुशासन व्यवस्था सुदृढ बन्न सकोस् ।

**SO३**

विपद् तथा जलवायु जोखिम व्यवस्थापनमा सार्वजनिक र निजी क्षेत्रको सहभागिता र लगानी वृद्धि गर्नका लागि सृजनशील, कम खर्चिलो र उपयुक्त विधि र तरिकाहरू विकसित गर्ने र एकीकृत गर्ने ।

**SO४**

विपद् जोखिम व्यवस्थापनका क्षेत्रमा हुने अध्ययन, अनुसन्धान र अन्वेषण कार्य अभिवृद्धि र विस्तार गर्न प्रभावकारी र समावेशी सहकार्य विकसित र प्रवर्द्धन गर्ने ।

**SO५**

क्षमता अभिवृद्धि, सञ्जाल र सहकार्य मार्फत एउटा गतिशील, दिगो र सिकाइ सिक्ने संस्था बन्ने ।

# रणनीतिक प्रयत्नहरू

## (Strategic Initiatives)

सन् २०३० भित्र निर्धारित रणनीतिक उद्धेश्य प्राप्तिका लागि हामी निम्नलिखित रणनीतिक प्रयत्नहरु गर्न प्रतिवद्ध छौं:

# [ SO१: ]

बहु प्रकोपीय जोखिम तथा जलवायु जोखिम व्यवस्थापनसँग सम्बन्धित एकीकृत र समावेशी प्रयत्नहरु तयार पार्ने र कार्यान्वयन गर्ने।

१. विपद्‌सँग सान्दर्भिक रहेका सरकारी योजना र कार्यक्रमहरूलाई सघाउ पुराउने हेतुले स्थानीय, प्रदेश र राष्ट्रिय स्तरमा प्रकोपका आधारमा ( भूकम्प, बाढी, पहिरो, आगलागी आदि) र क्षेत्रगत आधारमा (शिक्षा, स्वास्थ्य, कृषि, उद्योग, व्यापार, पर्यटन, उर्जा, पूर्वाधार, सम्पदा आदि) प्रयत्नहरू तयार पार्ने र कार्यान्वयन गर्ने ।

२. समुदायका बिभिन्न क्षेत्रलाई लक्षित गरी विशेष खालका कार्यक्रमहरू तयार गर्ने र कार्यान्वयन गर्ने कार्यमा सघाउने ।

३. सार्वजनिक र निजी क्षेत्रका लागि विपद सम्बन्धी राष्ट्रिय. र अन्तर्राष्ट्रिय स्तरमा प्राथमिकता प्राप्त लक्ष्यहरू, रणनीति र पहलहरू आत्मसात हुने

गरी नीति, कार्यविधि र प्रणालीहरू तयार पार्न सघाउने ।

४. प्रकोप, संकटासन्नता (भौतिक, सामाजिक-आर्थिक) र जोखिम लेखाजोखा सञ्चालन गर्ने र नक्शाङ्कन गर्ने तथा पूर्वाधार र विकास योजनाहरूका साथै समुदायको उत्थानशीलता निर्माणमा तिनको उपयोग गर्न पहल गर्ने ।

५. बिभिन्न प्रकोपका घटनाहरू खासगरी भूकम्प, बाढी, पहिरोका बारेमा निगरानी गर्ने र सूचना प्रवाहका लागि उपयुक्त विधि र प्रणाली विकास गरी कार्यान्वयन गर्ने कार्यमा सार्वजनिक तथा निजी क्षेत्रसँग सहकार्य गर्ने ।

६. चुस्त र प्रभावकारी विपद सूचना प्रणालीका लागि टेवा पुराउने ।

७. समुदाय र परिवारका लागि पूर्वतयारी र क्षमता अभिवृद्धिका तालिम (प्राथमिक उपचार, खोज उद्धार, अस्पताल पूर्वको सहायता आदि) लाई विस्तार गर्ने ।

८. विपद् आइपर्दा उपयोगी हुने उपकरण र अन्य सामग्रीको तयारी र समुदाय स्तरमा व्यवस्थापन गर्ने कार्यमा सघाउने ।

९. विपद् जोखिम न्यूनीकरण सम्बन्धी बिभिन्न समूह (डकर्मी, घरधनी, इञ्जिनियर, ठेकेदार, शिक्षक, सामाजिक अगुवा, व्यापारी, व्यवसायी, जनप्रतिनिधि आदि) लाई लक्षित गरी सञ्चालन गरिने तालिम तथा जनचेतनामूलक लगायतका प्रयत्नहरूलाई सबल र संस्थागत गराउन भूमिका खेल्ने ।

१०. विपद् पूर्वतयारी र आपतकालीन प्रतिकार्यमा साझा विधि र प्रणाली स्थापित गर्न क्षेत्रीय स्तरमा सहकार्यका लागि पहल गर्ने ।

११. स्थानीय स्तरमा विपद् स्वयंसेवक परिचालनका लागि प्रणाली बनाउने र सञ्चालन गर्न पहल गर्ने ।

१२. विपद् जोखिम न्यूनीकरणका लागि सत्य तथ्यमा आधारित महत्त्वपूर्ण सनदेशहरू आम सञ्चारको उपयग गरी जनसमक्ष पुराउने पद्धतिको विकास गरी सुदृढ गर्ने ।

१३. विगतका विपदमा प्रतिकार्य, पुनर्लाभ र पुनर्निर्माणका क्रममा प्राप्त अनुभव र सिकाइलाई संग्रहित गर्ने र भविष्यका लागि उपयोग गर्न एवं तिनलाई संस्थागत गर्न सघाउने ।

१४. विपद् पूर्वतयारी, प्रतिकार्य र पुनर्निर्माणका लागि प्राविधिक सहायता पुराउने। त्यसो गर्दा पद्धति र प्रणालीको संस्थागत विकास र सो मुताविक राष्ट्रिय, प्रादेशिक र स्थानीय तहमा संयन्त्र निर्माणमा जोड दिने ।

१५. समुदायमा आधारित विपद् जोखिम व्यवस्थापनलाई उद्धेश्यमूलक तवरले विकास गर्ने र कार्यान्वयन गर्ने र त्यसका लागि स्थानीय ज्ञान, सीप, स्रोत साधन र सामग्रीको अधिकतम उपयोगलाई सुनिश्चित गर्ने ।



## [ SO२: ]

विपद तथा जलवायु जोखिम व्यवस्थापनसँग सम्बन्धित बुझाइ, विधि र प्रविधिलाई प्रमाणीकरण भएपश्चात ऐन, कानुन, नीति, नियममा समेटिने गरी संस्थागत एवम् एकीकृत गर्ने, जसले गर्दा नेपालको विपद जोखिम सुशासन सुदृढ बन्न सकोस्।

१. राज्यका मुख्य अङ्ग व्यवस्थापिका, न्यायपालिका र कार्यपालिकाका सदस्य एवं अधिकारीहरूलाई विपद र जलवायु जोखिम व्यवस्थापनका बिभिन्न पक्षमा पर्याप्त ढङ्गले सुसूचित गर्ने, ती विषयमा सहभागी गराउने तथा विपद र जलवायु जोखिम व्यवस्थापनका विषयहरू संघ, प्रदेश तथा स्थानीय गरी तीनै तहमा नीति, कार्यक्रम र पहलहरूमा समाहित गर्न प्रभावकारी संयन्त्र बनाउने ।

२. हरेक तहका सरकारसँग विपद र जलवायु जोखिम व्यवस्थापनका विषयमा समन्वय गर्ने तथा आफ्नो तर्फबाट सहयोग पुराउने गरी संस्थागत विधि, प्रणाली, संयन्त्र र सहकार्य निर्माण गर्ने ।

३. विपद र जलवायु जोखिम व्यवस्थापन सम्बन्धी प्रकोपको आधारमा र क्षेत्रगत आधारमा राष्ट्रिय कार्यक्रम विकसित  गर्ने र कार्यान्वयन गर्न सघाउने ।

४. संघ, प्रदेश र स्थानीय तहमा विपद पूर्वतयारी र आपतकालीन प्रतिकार्य योजना निर्माण गर्न र तिनको प्रभावकारी कार्यान्वयन गर्न सघाउने ।

५. पूर्वाधार र आधारभूत सेवा प्रवाहका संरचना निर्माण गर्दा विपद् र जलवायु जोखिमलाई ध्यान दिने गरी मापदण्ड र संहिताहरू निर्माण र परिमार्जनका लागि सघाउने ।

६. विपद्को असर लेखाजोखाका लागि विधि र प्रणाली निर्माण तथा कार्यान्वयनमा सघाउने ।

७. स्थानीय सरकारको विपद् र जलवायु उत्थानशील योजना तथा जोखिमप्रति

संवेदनशील भू-उपयोग योजना निर्माण र कार्यान्वयनमा सघाउने ।

८. स्थानीय सरकारहरूलाई प्राज्ञिक र अनुसन्धान गर्ने संस्थाहरूसँग सहकार्य गर्न सहजीकरण गर्ने, सघाउने ।

९. राज्यका तीनै तहमा विपद् र जलवायु जोखिम व्यवस्थापनका योजना र कार्यक्रमहरूको अनुगमन तथा मूल्याङ्कन गर्न सघाउने ।

१०. स्थानीय तहमा विपद् जोखिम शासनलाई जवाफदेही बनाउन कार्यढाँचा विकसित गर्न बल पुराउने र सघाउने ।


प्रथम भूकम्प सुरक्षा दिवस
२०५५ माघ २
उद्घाटन समारोह
First Earthquake Safety Day
January 16, 1999
INAUGURAL CEREMONY
द टेण्ट हाउस




मूल समारोह
२०७७ माघ २
कुमारी मन्दिर पार्क, बोडे
15 January, 2021

# [ SO३: ]

विपद तथा जलवायु जोखिम व्यवस्थापनमा सार्वजनिक र निजी क्षेत्रको सहभागिता र लगानी वृद्धि गर्नका लागि सृजनशील, कम खर्चिलो र उपयुक्त विधि र तरिकाहरू विकसित गर्ने र एकीकृत गर्ने।

१. विपद् जोखिम न्यूनीकरणका क्षेत्रमा कार्यरत र बाहिरका समेत बिभिन्न सरोकारवालाहरूलाई समेटेर व्यापक, गहन र प्रभावकारी सञ्जाल मार्फत विपद र जलवायु जोखिम व्यवस्थापनका क्रियाकलाप तयार पार्ने, व्यवस्थित गर्ने र संस्थागत गर्ने कार्यमा भूमिका निर्वाह गर्ने ।

२. विपद् र जलवायु जोखिम व्यवस्थापनमा लागि निजी क्षेत्रको भूमिका, जिम्मेवारी र जवाफदेहितालाई वृद्धि गर्न प्रभावकारी प्रणाली र संयन्त्र निर्माणमा पहल गर्ने ।

३. विपद र जलवायु जोखिम व्यवस्थापनका क्षेत्रमा सिकाइलाई प्रवर्द्धन गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका सार्वजनिक-निजी साझेदारहरूको विश्वसनीय समूह निर्माण गर्न पहल गर्ने र त्यसका लागि सहजीकरण गर्ने ।

४. निजी क्षेत्रका सहभागीहरूका जोखिमलाई साझेदारी गर्ने पद्धतिको विकास गरी त्यसलाई संस्थागत गर्न सघाउने ।

५. विपद आएलागेपछिको आपतकालीन अवस्थामा निजी क्षेत्रसँग रहेको साधन-स्रोत परिचालन गर्नका लागि प्रभावकारी प्रबन्ध गर्ने प्रणाली विकास गर्न र सहजीकरण गर्न सघाउने ।

६. राजनैतिक दलहरू र तिनका भातृ वा भगिनी संस्थाहरूलाई विपद् जोखिम व्यवस्थापनका कार्यमा परिचालन गर्ने प्रणाली निर्माण र कार्यान्वयनमा सघाउने ।

७. प्रभावकारी विपद् पूर्वतयारी र आपतकालीन प्रतिकार्यका लागि कार्यरत बिभिन्न मानवीय सहायता संयन्त्रहरू र संघ-संस्थाका सहभागितालाई उन्नत बनाउन पहल गर्ने र आबश्यक प्राविधिक सहायता उपलब्ध गराउने ।



# [ SO४: ]

विपद् जोखिम व्यवस्थापनका क्षेत्रमा हुने अध्ययन, अनुसन्धान र अन्वेषण कार्य अभिवृद्धि र विस्तार गर्न प्रभावकारी र समावेशी सहकार्य विकसित गर्ने र प्रवर्द्धन गर्ने।

१. विपद् तथा जलवायु जोखिम व्यवस्थापनका क्षेत्रमा देश विदेशमा विद्यमान विज्ञान र प्रविधिको सदुपयोग गर्ने तथा स्थानीय ज्ञान र परम्परागत प्रविधिलाई समेत समेटेर तथ्य र प्रमाणमा आधारित नीति र कार्यक्रम तयार पार्न मुख्य भूमिका निर्वाह गर्ने ।


२. मुलकभित्र र बाहिरका उत्कृष्ट प्राज्ञिक एवं अनुसन्धान संस्थाहरूसँग सहकार्य स्थापित गर्ने, समृद्ध पार्ने र जोखिम न्यूनीकरणका उपयोगी विधि र प्रविधिहरू अवलम्बनमा सघाउने ।

३. वैज्ञानिक अध्ययन, अनुसन्धान र अन्वेषणका लागि प्रणालीहरू बनाउने, व्यवस्थापन गर्ने र स्रोत-साधन जुटाउने लगायतका कार्यमा सघाउने ।

४. विपद् तथा जलवायु जोखिम व्यवस्थापनका लागि बिभिन्न विश्वविद्यालयहरू र प्राज्ञिक तथा अनुसन्धान संस्थाहरूसँग स्थानीय सरजार र समुदायको सहकार्यलाई मजबुत पार्ने र विस्तार गर्ने कार्यमा सघाउने ।

५. विपद् तथा जलवायु जोखिम व्यवस्थापनका लागि सूचना प्रवाह र सूचना प्रणालीको व्यवस्थापनका लागि सघाउने ।

६. विपद् तथा जलवायु जोखिम व्यवस्थापनका क्षेत्रमा युवा पुस्ताका अनुसन्धानकर्ता, विपद पेशाकर्मी, अध्येता, विद्यार्थी, विज्ञ आदिलाई सहभागी गराई प्रभावकारी सञ्जाल निर्माणमा सघाउने ।



# [ SO५: ]

क्षमता अभिवृद्धि, सञ्जाल र सहकार्य मार्फत एउटा गतिशील र दिगो अध्ययन केन्द्र बन्ने।

१. एनसेट संस्थाभित्र विपद् तथा जलवायु जोखिम व्यवस्थापनका बिबिध पक्षहरूका बारेमा गहन बुझाइ र क्षमता अभिवृद्धि गर्ने ।

२. "अन्वेषण" लाई संस्थाको परिचय, नीति, प्रणाली, अभ्यास, नेतृत्व, विधि, व्यवहार, कार्यस्थलको वातावरणमा समेत प्रतिविम्बित गर्ने जसले गर्दा एनसेटको पहिचान "उत्कृष्ट अन्वेषणकर्ता संस्था" को रूपमा बनोस !

३. प्रदेश र स्थानीय तहमा एनसेटको संस्थागत उपस्थितिलाई सबल बनाउनुको औचित्य र सम्भाव्यताको खोजी गर्ने ।

४. एनसेटको वित्तीय दिगोपन सुनिश्चित गर्नका लागि दिगो खालको आय आर्जन र वित्तीय

सहायताका अवसर सृजना गर्ने र कार्यान्वयन गर्ने ।

५. एनसेटका रणनीतिक प्रयत्नहरूलाई वित्तीय सहायता पुराउन एउटा अलग कोष (एनसेट फाउण्डेशन) तथा उपयुक्त कोष व्यवस्थापन रणनीति निर्माण गर्ने ।

६. एनसेटलाई हालको गैर सरकारी संस्थाको स्वरूपबाट स्वायत्त पेशागत समाजको रूपमा परिणत गर्न कानुनी सम्भाव्यताको खोजी गर्ने ।

७. एनसेटका लागि सबल र मूल्यमा आधारित सुशासन प्रणाली विकसित गर्ने जसले गर्दा संस्थालाई गैर विपद् व्यवस्थापन क्षेत्र र नागरिक समाजका सरोकारवालाहरूलाई समेत समेटी बिबिधतायुक्त सदस्यता प्रणाली मार्फत् अझ गुणस्तरीय र गतिशील बनाउन मद्धत पुग्नेछ ।


८. संस्थाको संगठन संरचना परियोजना र कार्यक्रममा आधारित विभागीय संरचनाबाट उद्धेश्यमूलक विषयगत विभागीय संरचनामा रूपान्तरण गर्ने जसले गर्दा संस्थाका रणनीतिक प्रयत्नहरूलाई प्रभावकारी ढङ्गले सञ्चालन गर्न सहज हुनेछ ।

९. संस्थामा कार्यरत कर्मचारीहरूलाई लामो समयसम्म संस्थामा टिकाउनका लागि उपयुक्त प्रणाली र संयन्त्र सृजना गर्ने। साथै एनसेटका पूर्व कर्मचारीहरूलाई संस्थामा संलग्न गराई राख्न एनसेट पूर्व कर्मचारी संघ (एनसेट एलुम्नाइ) को अवधारणा ल्याउन सकिने ।

१०. एनसेटमा ज्ञान र अन्वेषण व्यवस्थापनका लागि बेग्लै निकाय र प्रणाली सृजना गर्ने ।

११. संस्थाका गतिविधिहरूमा सूचना र सञ्चार प्रविधि (ICT) को प्रयोगलाई एकीकृत, विस्तार र प्रवर्द्धन गर्ने।

१२. युवा पेशाकर्मी, अध्येता, विद्यार्थी र विज्ञहरूले एनसेटको रणनीतिक प्रयत्नहरूमा योगदान दिन सक्ने गरी उपयुक्त प्रतिभा व्यवस्थापन प्रणाली र सञ्जाल संयन्त्र निर्माण गर्ने ।



NSET

Earthquake Safe Communities in Nepal

# भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपाल

घर-६५, CR-१३, सैंबु आवास, भैंसेपाटी
ललितपुर महानगरपालिका-२५, नेपाल
पो.ब. नं. १३७७५, काठमाडौं, नेपाल
फोन नं.: (९७७-१) ५५९१०००, फ्याक्स नं.: (९७७-१) ५५९२६९२
इ-मेल: nset@nset.org.np, वेब साइट: www.nset.org.np